नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

कास्की, पोखरा

२०७५

प.सः ०८२/८३
चलानी नः

मितिः २०८२/११/२८
ने.सं ११४६ चिल्लागा, नवमी

## निम्नमाध्यमिक तहको अध्यापन अनुमतिपत्र वितरण सम्बन्धि सूचना

शिक्षक सेवा आयोगको वि न ४४/ ०८२/८३ निम्नमाध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको लिखित परीक्षामा गण्डकी प्रदेशबाट परीक्षामा समाबेश भइ उत्तीर्ण उम्मेदवारहरुका अध्यापन अनुमति पत्र २०८२।११।२९ गतेदेखि वितरण हुने भएकाले उत्तीर्ण उम्मेदवारहरुले देहायका कागजात सहित स्वयम् उपस्थित भई शिक्षा विकास तथा समन्वय इकाइ कास्कीमा सम्पर्क गर्नुहुन अनुरोध छ साथै अन्य प्रक्रिय तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**तपसिल**

क) आवश्यक कागजातहरु ( अनिवार्य रुपमा फाइल तयार गरी पेश गर्नुपर्ने)

१. तोकिए वमोजिमको पूर्ण रुपले भरिएको निवेदन ( निवेदन कार्यालयबाट प्राप्त हुने)

२. शैक्षिक योग्यताको हकमा माध्यमिक शिक्षा देखि तोकिएको न्यूनतम शैक्षिक योग्यता सम्मका शैक्षिक योग्यताका प्रमाणपत्रहरु (**SLC/SEE,12/+2** का मार्कसिट/ ग्रेडसिट ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु )

३. हालसालै खिचिएको पासपोर्ट साइजको दुइप्रति फोटाहरु

४. प्रबेशपत्रको प्रतिलिपि

५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

६. शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको प्रमाणपत्र

ख) माथि उल्लेखित प्रतिलिपिका कागजातहरु उम्मेदवार स्वयम्ले **सक्कल बमोजिम नक्कल ठीक छ भन्ने** व्यहोरा प्रमाणपत्रको पछाडिपट्टी लेखि उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ साथै फाइलको बाहिर **उम्मेदवारको नाम थर . रोल नम्बर र स्थायी ठेगाना** स्पष्टसँग लेख्नुपर्नेछ ।

ग) अध्यापन अनुमतिपत्र लिनको लागि स्वयम् उपस्थित हुनुपर्नेछ ।व्यक्ति स्वयम् उपस्थित हुन नसक्ने अवस्था भएमा सम्बन्धि व्यक्तिको मञ्जुरीनामा सहित मञ्जुरीनामा लिन आउने व्यक्तिको नागरिकताको प्रतिलिपि वा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने परिचयका साथ माथि उल्लेखित सम्पूर्ण कागजातहरु लिएर आउनु पर्नेछ ।

पुनश्चः अध्यापन अनुमतिपत्रमा भएको व्यक्तिगत विवरण राम्रोसँग रुजु गरेर लैजानु हुन अनुरोध छ

लोकनाथ आचार्य
इकाइ प्रमुख ( उपसचिव)